महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सियारी गाउँपालिका

रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सियारी गाउँपालिका

रुपन्देही



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ११३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सियारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुपन्देही ।

कैफियत सहितको राय

हामीले सियारी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ४३ लाख ५९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यहाँबाट कुनैपनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ४७ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४४ लाख १२ हजार, नियमित गर्नुपर्ने रु. ५२ लाख ९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ८ करोड ७३ लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड १७ लाख १३ हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

सियारी गाउँपालिका, रुपन्देही

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५५	४०	१४३५९	०	०	०	५५	४०	१४३५९	४७३८	५२०९	४४१२	०	०	९६२१	०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सियारी गाउँपालिका रुपन्देही	८७३५४	०	०	८७३५४	०	१४३५९	१०१७१३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सियारी गाउँपालिका, रुपन्देही , सियारी गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मिन प्रसाद भट्टराइ	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	नारायण प्रसाद पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१४,३५८,८३४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,४७,२३,०४१.६१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४१,६५,८३,०००	**चालु खर्च**	५४,६६,८०,०५९.५८
प्रदेश सरकारबाट अनुदान	३,५९,६६,०००	**पूँजीगत खर्च**	२६,३०,५७,०८३.७
राजश्व बाँडफाँट	११,०९,७६,९२०.७	**वितीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	५,४८,६१,०८२.१९		
अन्य आय	१९,६०,१८,११४.५		
कुल आय	८१,४४,०५,११७.३९	**कुल खर्च**	८०,९७,३७,१४३.२८
बाँकी मौज्दात		५,९३,९१,०१५.७२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा असुली रकम रु ११,०६,५४९.७६	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सियारी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सियारी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ५७.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८४६६ जनसंख्या रहेको छ ।	
३			**लेखापरीक्षण** लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।११।०५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्	
५			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

सि. नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी	५४७२३०४२	५४७२३०४२	१	चालु खर्च	३२७२४९३४०	३२७२४९०४०
	क) नगद			२	पूँजीगत खर्च	२६३०५७०८४	२६३०५७०८४
	ख) बैंक	५४७२३०४२		३	वित्तिय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरिक आय)	१६५८३८००३	१६५८३८००३		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	५४८६१०८२			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	११०९७६९२१			ग) अन्य भुक्तानी		
३	वित्तिय हस्तान्तरण संघ	४१७०८३०००	४१६५८३०००	४	लगानी		
	क) वित्तिय समानीकरण अनुदान	१३५७०००००			ऋण लगानी		
	ख) सशर्त अनुदान	२३७६८३०००			शेयर लगानी		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	ग) समपूरक अनुदान	३०७०००००			अन्य लगानी		
	घ) विशेष अनुदान	१२५०००००		५	धरौटी फिर्ता	१२१४९४३८	१२१४९४३८
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	३५९६६०००	३५९६६०००	६	जनश्रमदान फिर्ता		
	क) वित्तिय समानीकरण अनुदान	६४२२०००		७	कोष फिर्ता		
	ख) सशर्त अनुदान	८५४४०००		८	मौज्दात		४३८३६९६३
	ग) समपुरक अनुदान	१५००००००			क) बैंक मौज्दात	४३८३६९६३	
	घ) विशेष अनुदान	६००००००			ख) नगद मौज्दात		
५	प्रकोप व्यवस्थापन कोष	४०६३७९२	४०६३७९२	९	शसर्त अनुदान फिर्ता	३९५६६९५८	३९५६६९५८
	गत बर्षको मौज्दात	६३७९२		१०	जनश्रमदान मौज्दात		
	यस बर्ष प्राप्त	४००००००		११	धरौट मौज्दात	१३५०४८९७	१३५०४८९७
				१२	कोष खाताको मौज्दात		
6	विभिन्न कोषतर्फको आय	६३६६४७९	६३६६४७९	13	विभाज्य कोषवाट वाडफाड	२२९३५१३३	२२९३५१३३
	गत बर्षको मौज्दात	४०६८२६७		14	विभिन्न कोषतर्फको खर्च	४८६८९५१	४८६८९५१
	यस बर्ष प्राप्त	२२९८२१२		15	विभिन्न कोषतर्फको मौज्दात	१४९७५२८	१४९७५२८
7	धरौटि	२५६५४३३५	२५६५४३३५	16	प्रकोप व्यवस्थापन कोष खर्च	३५१२१६४	३५१२१६४
	गत बर्षको मौज्दात	१४३१२६६१		17	प्रकोप व्यवस्थापन कोष मौज्दात	५५१६२८	५५१६२८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>यस बर्ष प्राप्त</td><td>११३४१६७४</td><td></td><td>18</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>११८३८७३२८</td><td>११८३८७३२८</td></tr>
<tr><td>8</td><td>विभाज्य कोष</td><td>२२९३५१३३</td><td>२२९३५१३३</td><td>19</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>१८०१०७४८</td><td>१८०१०७४८</td></tr>
<tr><td></td><td>गत बर्षको मौज्दात</td><td>४२२८४१६</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>यस बर्ष प्राप्त</td><td>१८७०६७१७</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>9</td><td>अन्य विविध आय</td><td>६००३००</td><td>६००३००</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>10</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>११८३८७३२८</td><td>११८३८७३२८</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>11</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>१८०१०७४८</td><td>१८०१०७४८</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८६९१२८१५९</td><td></td><td>जम्मा</td><td></td><td>८६९१२८१५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>अनुदानको अनुगमन

कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । पालिकाले विधालयहरुलाई उपलब्ध गराउने अनुदान निकासा दिएको छ । पालिकाले अनुदान उपलब्ध गराउदा विधालयहरुको अनुदानको गुणस्तर परीक्षण र सहि सदुपयोग भए नभएको बारेमा कार्यालयले अनुदान रकमको खरिद बिल अनुसारको बिल भरपाई पुष्ठयाई सहित फोटो सहितको अनुगमन गरी अनुदानको सहि सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>सम्पतिको संरक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ ।	
७			**सम्पतिको अभिलेख** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
८			**वितिय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
९			**बैक हिसाब मिलान** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार नगरेको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार फरक देखिएको श्रेष्टामा ४,३०,०३,०३४ भन्दा बैकमा बढी रकम देखिएको छ । यस सन्दर्भमा चेक साट्न बाकी रहेको र साउन १५ मा चालु खाता र पूँजीगत खाताको रकम संचितकोषमा दाखिला गरेको जनाएको छ ।	
१०			**आन्तरिक नियन्त्रण प्रणाली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ७ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
११			**कानुन निर्माण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, १० वटा नियमावली, ४१ कार्यविधि लगायत ७१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकालाई आवश्यक पर्ने कानून समयमा नै बनाई कामकाजलाई सरल बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
१२			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० वटा र यो बर्ष थप भएको २७ वटा गरी कुल ४७ विवाद दर्ता भएकोमा देखिन्छ । कार्यालयले जनाए अनुसार यो आ.व.मा फछ्र्यौट	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएको २२ वटा र फछयौंट गर्न बाकी उजुरी २५ वटा रहेको देखिन्छ । तसर्थ फछयौट गरी किनारा लगाउन बाकीं उजुरीहरुलाई समयमै फछयौट गर्नु पर्दछ ।	
१३			**महोत्सव खर्च** महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था नभएकोमा कार्यालयले माघी महोत्सवको लागि रु ३००००० भुक्तानी दिएको देखिन्छ । कार्यालयले यसतो अनउत्पादन क्षेत्रको खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।	
१४			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु १८७५२६० खर्च गरेको छ जुन पालिकाको आन्तरिक आयको ३.४२ प्रतिशत रहेको छ । पालिकाले आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नु पर्दछ ।	
१५			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले आर्थिक सहायता कार्यविधि नबनाई पालिका अध्यक्षको तोकको आधारमा यस वर्ष ५६ जनालाई रु ५९६,०००।- आर्थिक सहायता वितरण गरेका छन् जुन पालिकाको आन्तरिक आयको १.०८ प्रतिशत रहेको छ । यसरी कार्यालयले कार्यविधि बेगरको खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१६			**आनुदान फिर्ता**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तसम्म बचेको रकम देहायबमोजिमको अनुदान फिर्ता गरेको देखिन्छ ः
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>२३८१८३०००</td><td>२१३७६०००१</td><td>२४४२२९९९</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>१२५०००००</td><td>७७७४१८९</td><td>४७२५८११</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>३०७०००००</td><td>२५७७१३६२</td><td>४९२८६३८</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>८५४४०००</td><td>८१५४५१८</td><td>३८९४८२</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>६००००००</td><td>६००००००</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१५००००००</td><td>९८९९९७२</td><td>५१०००२८</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**आवधिक योजना** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको देखिएन ।	
१९			**चौमासिक पुजीगत खर्च** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	पूँजिगत खर्चतर्फ	२६३०५७	२३४९५	७५७३७	१६३८२४	१०१७७५
२	चालु खर्च तर्फ	३०७२४९	७२२४९	८५९८८	१६९०१०	९९१६०
	चौमासिक पूँजिगत खर्च	१००	९%	२९%	६२%	३९%

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**अनुदानको अनुगमन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा पाठ्यपुस्तक वापतको रु ३४७१५७ र आमा सुरक्षा कार्यक्रम तर्फको रु ४१४०१० गरी जम्मा रु. ७६११६७ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी यस वर्षको बजेट मार्फत भुक्तानी गरेको देखिन्छ ।	
२१			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री तारा थारुले मिति २०७९। ३ । १० गते रु ६३ करोड ९४ लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९। ३ । १० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९। ४ । १ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
२२			**बजेट सीमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२३			**कर्मचारी दरबन्दी र पदपूर्ती** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७१ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२४			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारीहरु करारमा राखि रु १,३८,३४,९७३ र १३ जना दैनिक ज्यालादारी राखि रु ३३,८०,००० गरी जम्मा रु १,७२,१४,९७३ खर्च लेखेको छ । कार्यालयले परामर्श सेवा मार्फत O & M गरी सोहि अनुसार करार कर्मचारी राखि खर्च लेखेको जनाएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**तलबी प्रतिवेदन** निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखिन्छ । यसरी तलबि प्रतिवेदन पारित नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । कार्यालयले तलबि प्रतिवेदन पारीत गरी मात्र खर्च लेख्ने पर्दछ ।	
२६			**कर्मचारी प्रोत्साहन** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था भएकोमा कार्यालयले पालिका अन्तर्गतका सबै कर्मचारीहरुलाई पालिकाको निर्णय बमोजिम दैनिक रु ७५ का दरले खाजा खर्च प्रोत्साहन स्वरुप दिएको देखिन्छ ।	
२७			**धरौटीको अभिलेख** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची-१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्नेछ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्दछ ।	
२८			**धरौटी फिर्ता**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम धरौटी फिर्ताको अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ । रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>शिक्षक दरबन्दी र पदपुर्ती

यस सियारी गा.पा. भित्र रहेका विधालयहरुमा शिक्षकहरुको दरबन्दी र पदपूर्ती निम्न बमोजिम रहेको देखिन्छः
<table>
<tr><th>तह</th><th>प्रथम</th><th>द्वितिय</th><th>तृतिय</th><th>अस्थाइ</th><th>राहत</th><th>जम्मा</th></tr>
<tr><td>बालविकास</td><td></td><td></td><td></td><td>५५</td><td></td><td>५५</td></tr>
<tr><td>प्राथमिक</td><td>२</td><td>२९</td><td>४६</td><td>७</td><td>३७</td><td>१२१</td></tr>
<tr><td>निमावि/आवि</td><td>०</td><td>१</td><td>१०</td><td>०</td><td>१२</td><td>२३</td></tr>
<tr><td>मावि</td><td>०</td><td>०</td><td>११</td><td>०</td><td>१०</td><td>२१</td></tr>
<tr><td>उमा</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>१०</td><td>१०</td></tr>
<tr><td>जम्मा शिक्षक</td><td></td><td></td><td></td><td></td><td></td><td>२३०</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणमा आधारभुत विधालय जम्मा २३ जना शिक्षकको स्थायी पदपूर्ती र मा.वि. तर्फ २१ जनाको पदपूर्ति देखिन्छ । यसरी आवश्यकता अनुसारको दरबन्दी सृजना र पदपूर्ती गरी पठनलाई सुचारु बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**विल पेश नभएको** विजक पेश नभएको - गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा देहायका निर्माण व्यबसायीले निर्मित कामको र कर्मचारीको विमा कम्पनीसँग विमा गराएको प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम ल्याब टेष्ट र रिलोकेशनको शुल्क वापत रु. ७०६०००।- भुक्तानी गरेकोले विमाको कर विजक तथा ल्यावटेष्ट र रिलोकेशनको विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.७०६०००।-	७०६,०००

सि.नं.	निर्माण व्यबसायी	भुक्तानी आईटम	भुक्तानी रकम
१	पोखेल निर्माण सेवा सियारी ।मैथावल मैनहिया सडक	ल्याब टेष्ट र विमा प्रिमियम	५५०००
२	तारा यु के कन्ष्ट्रक्शन गोठहवा हर्नैया सडक	ल्याब टेष्ट र विमा प्रिमियम	५००००
३	तारा यु के कन्ष्ट्रक्शन कचकचहवा पंडितपुर सडक	ल्याब टेष्ट र विमा प्रिमियम	४००००
४	जनता ब.वि.कैलाशनगर भवन निर्माण हाईटेक कन्ष्ट्रक्शन गैडहवा	ल्याब टेष्ट र विमा प्रिमियम	१५००००
५	भगदरी राणसारी झोलुंगेपुल सडक ठे.नं.४।०७८।७९	ल्याब टेष्ट र विमा प्रिमियम	५२०००
६	५ नं.वडा कार्यालय सिद्द नि.मा.वि.सडक। ठे.नं.६।०७८।७९	ल्याब टेष्ट र विमा प्रिमियम	५२०००
७	वैदौली डाँडा सिसहनिया सडक। ठे.नं.७।०७८।७९	ल्याब टेष्ट र विमा प्रिमियम	५२०००
८	पब्लिक मा.वि.भवन निर्माण ।ठे.नं.९।०७८।७९	ल्याब टेष्ट र विमा प्रिमियम	१०५०००
९	गाँउपालिका कनरी सडक। ठे.नं.१३।०७८।७९	ल्याब टेष्ट र विमा प्रिमियम	३५०००
१०	गिदहिया बामदेवटोल सडक।ठे.नं.१४।०७८।७९	ल्याब टेष्ट र विमा प्रिमियम	५५०००
११	छपिया ओर्लहवा कचकचहवा सडकठे.नं.७।०७७।७८	ल्याब टेष्ट र विमा प्रिमियम	५५०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>१ नं. स्वास्थ्य चौकी निर्माण ।ठे.नं.७।०७८।७९</td><td>बोर्ड लेखाई कार्य</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७०६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
मुल्य अभिबृद्दिकर समायोजन

नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्न निर्माण व्याबसायी तथा सप्लायर्सलाई निर्माण सामाग्री वापत बिजक रकम रु.११३२४४८।- मुल्य अभिवृद्दि कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मुल्य अभिवृद्दि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनु पर्ने रु. ९१११९७।-
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>विल रकम</td><td>मू.अ.कर रकम</td><td>७०- प्रतिशत मू.अ.कर</td></tr>
<tr><td>८६।०७८।१०।५</td><td>एम विजि कन्ष्ट्रक्शन</td><td>८६०००</td><td>१११८०</td><td>७८२६</td></tr>
<tr><td>४७२।०७८।९।२४</td><td>एम विजि कन्ष्ट्रक्शन</td><td>३३४४६७</td><td>४३४८०</td><td>३०४३६</td></tr>
<tr><td>६।०७८।५।१८</td><td>तिनाउ रोडा ढुंगा प्रशोधन उद्दोग</td><td>१९८६००</td><td>२५८१८</td><td>१८०७३</td></tr>
<tr><td>१३०।०७८।१०।५</td><td>धन महालक्ष्मी ईन्टरप्राईजेज</td><td>३८३१००</td><td>४९८०३</td><td>३४८६२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>९११९७</td></tr>
</table>
</td><td>९१,१९७</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
छपिया ओर्लहवा कचकचहवा पुल कालोपत्रे सडक निर्माण

पालिकाले छपिया ओर्लहवा कचकचहवा पुल कालोपत्रे सडक निर्माणको लागि लागत अनुमान रु.७७८०५६३।६८ तयार गरि सवैभन्दा कम कवोल गर्ने नवीन कन्ष्ट्रक्शन बर्दघाटले कवोल गरेको रु. ५९००८००।७५ मुल्य अभिबृद्दि कर समेत मिति २०७८ बैशाख २९
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भित्र सम्पन्न गर्नेगरी २०७७।१०।०९ मा सम्झौता भएकोमा उक्त अवधि सम्म रु. ३००३४८८।९४ भुक्तानी भएको छ । अन्य व्यहोराहरु निम्नानुसार छन्	
३२.१			म्याद थप- उक्त निर्माण कार्यको म्याद मिति २०७८ बैशाख २९ रहेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्धारित समयमा काम सम्पन्न हुन नसकेकोमा निर्माण व्यबसायीले कारण खुलाई म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि पालिकामा निवेदन दिनु पर्नेमा नदिएको र गाँउकार्यपालिकाबाट लेखापरीक्षण अवधि सम्म म्याद थप सम्बन्धि कुनै कारबाही भएको देखिएन । तीन वटा चेनेज मध्ये एउटा चेनेजको काम सम्पन्न गरेको र चेनेज नं. ०+०४०० - ०+०७७८ को ३७८ मिटर र ०+०३३५ -०+०३६२१ को २७० मिटर रु.२८९७३११।८१ मुल्य बराबरको सडक निर्माण कार्य बाँकी रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति सहित बाँकी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।	
३२.२			कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० बमोजिम राखिएको कृषि विकास बैंक काठमाडौले जारी गरेको रु. ११३३०००।- को जमानतको अवधि २०७९।२।३० सम्म रहेकोमा कार्य सम्पादन जमानतको म्याद थप गरी जफत हुनु पर्ने रु.११३३०००।-	१,१३३,०००
३२.३			पेश्की जफत- उक्त निर्माण ब्यबसायीको नाममा गएको पेश्की रु.११७००००।- जफत गरिएको छ ।	
३३			**स्वास्थ्य चौकी भवन निर्माण** स्वास्थ्य चौकी भवन निर्माण (ठे.नं. NCB/१६/0७७/७८) - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा उल्लेख भएकोमा बाहेक दश लाख रुपयाँ भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार निर्माण कार्यको विमा गराउनु पर्ने व्यबस्था रहेको छ । पालिकाले स्वास्थ्य चौकी निर्माणको लागि सवैभन्दा कम कवोल गर्ने हाईटेक कन्ष्ट्रक्शन गैडहवाले कवोल गरेको रु. ५५३१९८०।- मुल्य अभिबृद्दि कर समेत मिति २०७९।४।३० (म्याद थप समेत) भित्र सम्पन्न गर्ने गरी २०७८।२।१८ मा सम्झौता भएकोमा लेखापरिक्षण अवधि सम्ममा निर्माण कार्य सम्पन्न गरी सकेको	११०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अबस्थामा प्रोभिजनल समबाट उक्त निर्माण कार्यको विमा नगरी विमा वापत रु. ७५०००।- र ल्याव टेष्ट वापत विजक बेगर रु.३५०००।- समेत रु.११००००।- भुक्तानी गरेकोमा उक्त रकम अशुल हुनु पर्ने रु. ११००००।-</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>हेभी उपभोक्ताद्वारा हेभिईक्विपमेन्टको प्रयोग

हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नमुना परिक्षण गर्दा योजनामा मेसिन प्रयोग गरी निर्माण व्यबसायीबाट गराइ निर्माण व्यबसायीलाइ भुक्तानी भएको देखिएको केही उदाहरण निम्न रहेका छन् ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>ल.इ.</th><th>कार्य सम्पन्न</th><th>निर्माण कम्पनी</th><th>विल रकम</th></tr>
<tr><td>६।०७८।५।१८</td><td>अमुवा पूर्व सडक पि.सि.सि. उ.स.</td><td>२२३९४११</td><td>२२५२२२५</td><td>पाल ब्रदर्स एण्ड सप्लायर्स समेत</td><td>६१८६००</td></tr>
<tr><td>१९९।०७८।११।२८</td><td>कुलापारि सडक उ.समिति</td><td>१०००५०४</td><td>१००५१९०</td><td>पाल ब्रदर्स एण्ड सप्लायर्स समेत</td><td>१३७५००</td></tr>
<tr><td>१३०।०७८।१०।५</td><td>भुम्का गाँउभित्र सडक पिसिसि उपभोक्ता समिति</td><td>१३३३५७२</td><td>१३३४६४८</td><td>सेन्ध्र पेन्ट कन्ष्ट्रक्शन</td><td>१५३७१८</td></tr>
<tr><td>९२।०७८।९।१४</td><td>खुनीगाँउहुँदै शिवपुर ओर्लहवा सडक कालोपत्रे उ.स.</td><td>१६६६८१७</td><td>१६७८३०४</td><td>आर.ए. कन्ष्ट्रक्शन</td><td>१६३८५</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			११४।०७८।९।२८ | भैंसा खादर नली सहित पिसिसि निर्माण उ.समिति | १३३५९८५ | १३१४६०३ | | ३७५००	
३५			**सडक बत्ती जडान** बढि भुक्तानी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भए पछि सो हि बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यबस्था रहेको छ । पालिकाले बेथरी बेल्बास र पाउपालिका सम्म सडकहरुमा बत्ती जडान व्यबस्थापन उपभोक्ता समितिसँग सडक बत्ती जडानको लागि उपभोक्ताको योगदान समेत रु.२०७८८८०।- मिति २०७८।८।१६ मा सम्झौता गरेकोमा देहाय मबोजिम कार्य सम्पन्न भन्दा बढी एल.डि.ई बल्ब खरिद (जगदम्बा ईलेक्ट्रीक एण्ड ईलेक्ट्रिकल रुपन्देही) र एंगल जडान र फ्रेम तयारी (संदिप ग्रिल तथा आल्मोनियम उद्योग सियारी) सँग खरिद गरी कार्य सम्पन्न र सम्झौता भन्दा कढी परिमाणको रु.३२१८७।- बढी भुक्तानी भएकोले अशुल हुनु पर्ने रु. सामानको नाम | खरिद परिमाण | सम्पन्न परिमाण | दर | बढी भुक्तानी एलडिई बल्ब | ३७५ | ३६६ | २७२८।९५ | २४५६० फ्रेम बनाउने काम | ३७५ | ३६६ | ४८७।५० | ७६२७ जम्मा | | | | ३२१८७।-	३२,१८७
